# आर्थिक पुनः एकीकरण सम्बन्धी परामर्श

- सामाजिक तथा आर्थिक समस्या लगायतका चुनौतीहरूको सम्बोधन हुनेगरी तयार पारिएको पुन:एकीकरण योजना वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुन:एकीकरणको प्रवेश बिन्दु हो ।

- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको व्यक्तिगत, पारिवारिक र बृहत् सार्वजनिक/सामुदायिक पक्षलाई लिएर मूल्याङ्कन र सहजीकरण गर्नु आर्थिक पुन:एकीकरण सम्बन्धी परामर्श हो ।

- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई आर्थिक रूपमा पुन:एकीकरण गर्न विभिन्न तहमा बृहत् एवम् समावेशी किसिमको परामर्श पद्धति आवश्यक पर्दछ ।

  - **व्यक्तिगत तह** : सेवाग्राहीहरूको लक्ष्य तथा दृष्टिकोण, भावनाको बुझाइ, व्यक्तिगत गोपनीयता, सांस्कृतिक संवेदनशीलता, वृत्ति विकासको योजना, सीपको विकास/स्तरोन्नति/परीक्षण, उद्यमशीलतामा सहयोग, स्थानीय तहमा उपलब्ध रोजगार र उद्यमशील अवसरहरूबारे जानकारी लगायतका कुराहरू परामर्श दिने ।

  - **पारिवारिक तह** : पारिवारिक गतिशीलता, पारिवारिक भूमिका तथा जिम्मेवारी, स्रोतमाथि पहुँच तथा नियन्त्रण, पारिवारिक निर्णय, घरदैलो भ्रमण र पारिवारिक सरसल्लाह (पुन:एकीकरण योजना – आम्दानी, खर्च, बचत लक्ष्य, वित्तीय प्राथमिकता), शिक्षा तथा तालिम अवसर, पारिवारिक व्यवसाय, स्रोत, सहायता सञ्जाल, स्थानीय तहमा उपलब्ध रोजगारी र उद्यमशीलता अवसरहरूबारे जानकारी लगायतका कुराहरूमा परामर्श दिने ।

  - **सार्वजनिक/सामुदायिक तह** : वैदेशिक रोजगारीमा गएका व्यक्ति लामो समयपछि आफ्नो स्वदेश फर्कदा सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक परिस्थितिमा परिवर्तन भएको हुन सक्छ । तसर्थ, सामुदायिक दृष्टिकोण, समुदायको धार्मिक तथा सांस्कृतिक मूल्य, आर्थिक पुन:एकीकरण सम्बन्धी कार्यशाला/कार्यक्रम, जनचेतना अभियान, उपलब्ध सार्वजनिक स्रोत र स्रोतको परिचालन/उपयोगबारे सचेतना, स्थानीय तहमा उपलब्ध रोजगार तथा उद्यमशीलता अवसरहरूबारे जानकारी तथा नीतिगत सहयोगका लागि सम्बन्धित संस्थाहरूसँग पैरवी तथा परामर्श दिने ।



ReMi
Reintegration of Returnee Migrant Workers Project

Centre for Mental Health & Counselling-Nepal

DEPROSC-Nepal

# वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई आर्थिक पुन: एकीकरण अन्तर्गत रोजगार सेवा केन्द्रबाट के कस्ता सेवा उपलब्ध हुन्छन् ?

- पुन: एकीकरण योजना तर्जुमा गर्न सहजीकरण गर्ने ।
- व्यवसायिक योजना निर्माणमा सहजीकरण गर्ने ।
- स्थानिय स्तरमा रहेका निजी क्षेत्र, रोजगार सेवा प्रदायक संस्था तथा अन्य सम्बन्धित निकायसंगको समन्वयमा रोजगारीका अवसरहरु उपलबध गराउन सहजीकरण गर्ने ।
- व्यवसायिक सीपमुलक तालिम प्रदान गरी स्वरोजगार बन्न सहयोग गर्ने ।
- सीप, अनुभव र योग्यता अनुसार रोजगारीका अवसरहरु पहिचान गर्न सहयोग गर्ने ।
- वित्तिय सेवा पहुंच अभिवृद्धिका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने ।
- सीप अनुसारको रोजगारी प्राप्त गरी स्वदेशमा नै दिगो अर्थोपार्जन गर्न सहजीकरण गर्ने ।
- वैदेशिक रोजगारीबाट आर्जित सामाजिक तथा आर्थिक पूँजीको उत्पादनशील क्षेत्रमा सदुपयोग गर्न परामर्श सेवा प्रदान गर्ने ।
- उद्यम व्यवसाय स्थापनाका लागि व्यवसायिक योजना निर्माण तथा दर्ता प्रकृयामा सहजीकरण गर्ने ।
- सहुलियत दरका ऋण तथा अनुदान बारे जानकारी दिने ।
- श्रमबजारको आवश्यकता अनुसार लामो/छोटो अवधिको तालिम संचालन गर्ने ।
- वैदेशिक रोजगारीबाट सिकेका सीप प्रमाणीकरणको लागि आवश्यक पहल गर्ने ।
- रेमिट्यान्स व्यवस्थापन सम्बन्धी वित्तिय साक्षरता कक्षाहरु संचालन गर्ने ।

ReMi
Reintegration of Returnee Migrant Workers Project

Centre for Mental Health & Counselling-Nepal

DEPROSC-Nepal


# सीप विकास/अभिवृद्धि, परीक्षण र प्रमाणीकरण

- स्थानीय निकाय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT), विकास आयोजना र सीप विकास तालिमसँग सम्बन्धित क्षेत्रमा काम गर्ने निजी तथा गैरसरकारी संस्थाहरूको सीप विकास कार्यक्रमको जानकारी दिने ।
- CTEVT ले ३३ वटा विधा अन्तर्गत विभिन्न तालिम दिन्छ। तालिमको अवधि ३९० घण्टादेखि १७९३ घण्टासम्मको हुने गर्दछ । तालिमहरूको सूचना ट्रेनिङ पोर्टलमा (http://ctevt.org.np/trainingportal/public/) राखिएको हुन्छ । आफूलाई आवश्यक पर्ने तालिमका लागि ट्रेनिङ पोर्टलमा हेरी आवेदन दिन सकिन्छ ।
- स्थानीय निकायको उद्यम विकास शाखा अन्तर्गत रहेको गरीबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमले उद्यमीहरूको विकास गर्न उनीहरूलाई एकीकृत सेवा (Integrated Service Approach) प्रदान गर्दै आएको छ ।
- हेल्भेटास नेपालको प्राविधिक सहयोगमा विभिन्न परियोजनाहरुले सीप तालिम, क्षमता अभिवृद्धि र वृत्ति परामर्श सम्बन्धी सेवा प्रदान गर्दछन् ।
- घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले तीन महिनाको कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने पहल थालेको छ । (https://www.mcsipc.gov.np/ कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०७९)
- जुनसुकै माध्यम, तालिम, वा कार्यगत अनुभव वा पुख्यौंली पेशाबाट सिकेका सीप, ज्ञान तथा क्षमताहरूको मूल्याङ्कन गराई नेपालको एकमात्र सीप परीक्षण गर्ने आधिकारिक निकाय सीटीईभीटी/राष्ट्रिय सीप परीक्षण बोर्डबाट दक्षताको प्रमाणपत्र लिन सक्नेछन् ।
- सीप परीक्षणको आह्वान राष्ट्रिय दैनिक गोरखापत्रमा गरिन्छ । यसको आह्वान प्राय: श्रावण २१ गते, मंसिर १२ गते र चैत्र १६ गते गरिन्छ ।
- यदि तपाईँले तालिम लिनु भएको छैन तर तपाईले कतै काम गर्दै सिक्नु भएको छ भने काम गर्दै सिकेका सीपहरूको प्रमाण पेश गरेर सीप परीक्षणमा सहभागी हुन पाउनुहुन्छ ।
- **पूर्व सिकाइको परीक्षण/मान्यता कसका लागि** – वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू, देशभित्रै कुनै पेशासँग सम्बन्धित काम गर्नेहरू, उद्योग तथा व्यवसायमा वर्षौंदेखि काम गर्नेहरू, तालिम नलिई पुख्यौंली रूपमा पेशा गर्नेहरू ।



# रोजगार सेवा केन्द्रको भूमिका -
# एकिकृत रोजगारमूलक सेवा तथा सुविधा प्रवाह

- स्थानीय स्तरमा उपलब्ध हुने रोजगार सम्बन्धी जानकारी संकलन गरेर राख्नु रोजगार सेवा केन्द्रको जिम्मेवारी हो ।
- रोजगार सेवा केन्द्रले गर्ने विभिन्न कार्यहरुमध्ये वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक पुन एकीकरणमा सहजीकरण गर्ने पनि एक प्रमुख कार्य हो ।
- वैदेशिक रोजगारको परिवेश र वातावरण अनुसारको सीपहरूलाई स्थानीय रोजगार बजारमा रहेका माग र अवसरहरूसँग मेल खाने गरी रूपान्तरण गर्ने ।
- वृत्ति विकासबारे गरिने परामर्शले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई आफ्ना सीप, रुची र क्षमता पहिचान गरी उपयुक्त रोजगारीका अवसरहरूसँग जोड्न सहजीकरण गर्ने ।
- रोजगारका लागि आवेदन दिन चाहिने कागजात, योग्यता तथा अनुभवको व्यक्तिगत विवरण (बायोडाटा), सान्दर्भिक अनुभव तथा उपलब्धि सहितको मूलपत्र (कभर लेटर), सम्पर्क गर्ने तरिका र माध्ययमबारे जानकारी दिने ।
- अनलाइन रोजगार पोर्टल, सम्बन्धित कम्पनीको वेबसाइट, रोजगार सूचना केन्द्र, उद्योग वाणिज्य महासङ्घ/उद्योग परिसङ्घ आदिको वेबसाइट हेरी, आवश्यकता अनुसार अन्य सेवा प्रदायकहरूसँग सम्बन्ध विस्तार गर्ने ।
- सम्भावित रोजगारदाताहरूको सूची, वेबसाइटहरूबारे जानकारी, स्थानीय भर्ना कम्पनी/एजेन्सी, सीप परीक्षण, प्रमाणीकरण र सीप अभिवृद्धिका क्षेत्रमा रहेका सेवा प्रदायकहरूबारे जानकारी दिने ।
- समान प्रकारका सीप, अवधारणा, सोच र अनुभव भएका मानिसहरूसँग भेटघाट र अन्तरक्रिया गर्ने मौका उपलब्ध गराउने ।
- आफ्नो रुचि, सीप र अनुभवका आधारमा रोजगारीलाई कसरी प्राथमिकता क्रममा राख्ने र ती रोजगारका अवसरसम्म पुग्न रोजगारदाताहरूको सूची कसरी बनाउने सम्बन्धमा बेरोजगार व्यक्तिहरुका लागि मार्ग प्रशस्त गर्ने ।




ReMi
Reintegration of Returnee Migrant Workers Project

Centre for Mental Health & Counselling-Nepal

DEVELOPMENT PROJECT SERVICE CENTRE
DEPROSC-Nepal

# रोजगारीको अवसर खोजीका लागि

| रोजगारी अवसरका लागि अनलाइन पोर्टल | सेवा | सम्पर्क/लिङ्क/इमेल ठेगाना |
|---|---|---|
| रोजगारी डटकम (Rojgari.com) | रोजगारसँग सम्बन्धित जानकारी तथा सेवा दिने, परामर्श, सामान्य सीप तालिम र उपयुक्त रोजगारीसँग जोड्न सहयोग गर्ने । रोजगारी डटकमले नेपालमा रोजगारीको खोजीमा रहेका र रोजगारदातालाई अनलाइन पोर्टल र मोबाइल एपको माध्यमबाट जोड्दछ । | फोन : 01-5970069<br>इमेल : info@rojgari.com<br>ठेगाना : मीनभवन (मुख्य सडक, आलोकनगर गेट नजिक) काठमाडौँ<br>https://rojgari.com |
| जब्स नेपाल डटकम (Jobsnepal.com) | रोजगार खोजीका लागि नि:शुल्क प्रयोग गर्न सक्ने । प्रत्यक्ष भर्ना तथा रोजगारको विज्ञापन गर्ने । | फोन : (977-1) 5447709/ 5447710<br>इमेल : support@jobsnepal.com<br>ठेगाना : कुपन्डोल रोड, पाटन, काठमाडौँ, नेपाल<br>https://www.jobsnepal.com/ |
| श्रमिक सञ्जाल नेटवर्क (Shramik Sanjal Network) | वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूको सञ्जाल (विशेष गरी खाडी मुलुक र मलेसियामा रहेका, थोरै कमाइ भएका श्रमिकहरू आबद्ध) ले यसमा आबद्ध श्रमिकका लागि पैरवी गर्ने, शिक्षा दिने, सशक्त बनाउने र सहयोग गर्ने काम गर्दछ । | फोन : 9851322853<br>इमेल : info@shramiksanjal.org<br>ठेगाना : काठमाडौँ, नेपाल<br>https://shramiksanjal.org/shramik-chautari |
| उद्योग वाणिज्य महासङ्घ (FNCCI) | प्रत्येक वर्ष विभिन्न संस्थाहरूसँग सहकार्य गरी रोजगार मेलाको आयोजना गर्ने लगायतका कार्य गर्दछ । यस मेलामा वृत्ति विकास सम्बन्धी परामर्श, स्थलगत अन्तर्वार्ता र सञ्जाल निर्माण गर्ने अवसर रहन्छ । | फोन : 01. 5361022/5362218/ 5366889<br>इमेल : fncci@mos.com.np<br>ठेगाना : पचली सहिद शुक्र (उद्योग वाणिज्य महासङ्घ) मिलन मार्ग, टेकु, काठमाडौँ<br>https://www.fncci.org/events/detail.php?id=711 |
| मेरो जब (Mero job) | नि:शुल्क दर्ता भई रोजगार खोज्न र आवेदन गर्न सकिने । रोजगारदाता र रोजगार खोजकर्तालाई जोड्ने । | फोन : 01 4106700<br>इमेल : info@merojob.com<br>ठेगाना : गणपति भवन, मेन रोड, नयाँ बानेश्वर, काठमाडौँ<br>https://merojob.com/ |
| हाम्रो रोजगारी डटकम (Hamro Rojgari.com) | रोजगारीको खोजीमा रहेका र रोजगारदाताबीच पुलको काम गर्ने । मुख्य गरी कोशी प्रदेशमा खुला भएका रोजगारका अवसरलाई समेट्ने । | फोन : +977-9802717271<br>ठेगाना : ट्राफिक चोक, बिराटनगर<br>इमेल : hr@hamrorojgari.com<br>http://www.hamrorojgari.com |
| प्रिमियर जब (Premier Job-Hiring 24*7) | सीप सुहाउँदो रोजगार मिलाउने, वृत्ति विकास सम्बन्धी परामर्श दिने, रोजगारमूलक तालिम दिने, योग्यता तथा अनुभव विवरणपत्र (बायोडाटा) लेखिदिने । | फोन : 025-581005 \| 9820755072<br>ठेगाना : इटहरी ६, सुनसरी (गोर्खा गल्ली)<br>Email: contact@premierjob.com.np<br>https://premierjob.com.np/ |

ReMi
Reintegration of Returnee Migrant Workers Project

Centre for Mental Health & Counselling-Nepal

DEPROSC-Nepal